# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, भदौ १४ गते, २०७४ साल (अतिरिक्ताङ्क १४क

## भाग ५

## निर्वाचन आयोगको सूचना

निर्वाचन आयोगले संवत् २०७४ साल मंसीर महिनामा सम्पन्न हुने प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्यको निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आचार संहिता, २०७२ देहायको मितिदेखि लागू गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. **मिति २०७४।०५।१४ देखि देहाय बमोजिम व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुने :-**

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,

(ख) स्थानीय तह,

(ग) स्थानीय तहका कर्मचारी,

(घ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,

(ङ) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग तथा तत् तत् निकायमा कार्यरत सुरक्षाकर्मी,

(छ) निर्वाचनको काममा संलग्न कर्मचारी,

(ज) सार्वजनिक पद धारण गरेको व्यक्ति ।

२. उम्मेदवारको हकमा मनोनयन दर्ता भएको मिति देखि लागू हुने ।

**आज्ञाले,**
**बेगेन्द्रराज शर्मा पौड्याल**
**सचिव**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।